# दलित समुदायको परम्परागत पेसा, कला र सिपको संरक्षण, सम्वर्द्धन र व्यावसायीकरणका लागि भगत सर्वजित सिप विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

**पृष्ठभूमिः**

नेपालको संविधान २०७२ को धारा ४० को उपधारा ४ मा दलित समुदायलाई पेसा ज्ञान, सीप, र प्रविधि प्रयोग संरक्षण र विकास गर्ने हक हुनेछ र राज्यले दलित समुदायको परम्परागत पेसासँग सम्वन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिइ त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलव्ध गराउनेछ भन्ने उल्लेख भएकोले दलित समुदायको परम्परागत पेसा, कला र सिपको संरक्षण, संवर्द्धन, आधुनिकीकरण र व्यावसायीकरण गर्नु राज्यको संवैधानिक दायित्व हो। संविधानको मर्मअनुसार गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा दलित समुदायको परम्परागत पेसा, कला र सिपको संरक्षण, सम्वर्द्धन र व्यावसायिकरणका लागि भगत सर्वजित सिप विकास कार्यक्रम समावेश गरेको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि यस प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो मापदण्डको नाम **"दलित समुदायको परम्परागत पेसा, कला र सिपको संरक्षण, सम्वर्द्धन र व्यावसायिकरणका लागि भगत सर्वजित सिप विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८०"** रहेको छ।

(ख) यो मापदण्ड सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश,पोखरालाई सम्झनु पर्छ ।

(ख) **"मन्त्री"** भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीलाई सम्झनुपर्छ र यो शब्दले राज्यमन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ ।

(ग) **"सचिव"** भन्नाले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिवलाई सम्झनु पर्छ र यो शब्दले सचिवको जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(घ) **"महाशाखा प्रमुख"** भन्नाले प्रशासन तथा योजना महाशाखा प्रमुखलाई सम्झनु पर्छ र यो शब्दले मन्त्रालयमा रहेका अन्य महाशाखाका प्रमुख समेतलाई जनाउँछ ।

(ङ) **"कार्यालय"** भन्नाले व्यावसायीक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र र सामाजिक विकास कार्यालयहरुलाई जनाउँछ ।

(च) **"प्रतिष्ठान"** भन्नाले गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान र गण्डकी प्रज्ञा प्रतिष्ठानलाई जनाउँछ ।

(छ) **"संस्था"** भन्नाले प्रचलित ऐन, कानुन वमोजिम दर्ता भएका सार्वजनिक तथा निजी तालिम प्रदायक संस्था र सामाजिक संघ संस्था समेतलाई जनाउँछ ।

(ज) **"दलित समुदाय"** भन्नाले राष्ट्रिय दलित आयोगको सिफारिसमा नेपाल सरकारबाट दलितको रुपमा परिभाषित गरेको समुदायलाई जनाउँछ ।

(झ) **"बेरोजगार व्यक्ति"** भन्नाले एक आर्थिक बर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा नेपाल सरकारले तोकेबमोजिमको आयआर्जन हुने काममा संलग्न नभएको १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको व्यक्तिलाई जनाउँछ ।

(ञ) **"आर्थिक रुपले विपन्न"** भन्नाले जीवन यापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पती नभएको र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएको व्यक्तिलाई जनाउँछ ।

(ट) **"परम्परागत सिपमा आधारित तालिम"** भन्नाले निश्चित शैक्षिक योग्यताको आवश्यकता नपर्ने तर समाजका कुनै जाति वा वर्ग विशेषले पेसाको रुपमा अँगाल्दै आएका उत्पादनमूलक क्रियाकलापहरु जस्तैः छालाको काम,

राडीपाखी, पोशाक, भाङ्ग्रा, वाद्य सामग्री, माटोका भाँडाहरु, धातुका सामग्रीहरु, सुनचाँदीका गरगहना, मूर्ति, डोको, डालो, थुन्से, नाम्लो, नाङ्लो, काठका ठेकी, आरी लगायत परम्परागत सामग्रीहरू उत्पादनमा सहयोग पुऱ्याउने सिपमूलक तालिमलाई जनाउँछ ।

(ठ) **"यान्त्रिकीकरणमा अनुदान"** भन्नाले पेसा तथा व्यवसायसँग सम्बन्धित आधुनिक प्रविधिका औजार, उपकरण तथा शिल्प यन्त्रहरू खरिद गर्न दिइने आर्थिक सहयोग तथा निःशुल्क उपलब्ध गराइने औजार/उपकरण/यन्त्रलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## उद्देश्य तथा तालिम कार्यक्रम सञ्चालन प्रक्रिया

**३. कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः

क) दलित समुदायको परम्परागत पेसा, कला र सिपको संरक्षण, संवर्द्धन, आधुनिकीकरण र व्यावसायीकरण गर्न सहयोग पुऱ्याउने।

ख) दलित समुदायका विपन्न तथा बेरोजगार व्यक्तिहरुलाई रोजगारी, स्वरोजगारी तथा उद्यमशीलताका लागि सहयोग गर्ने।

**४. कार्यक्रमको लक्षित समूहः** यस कार्यक्रमको लक्षित समूह अन्तर्गत गण्डकी प्रदेशमा स्थायी रूपमा बसोवास गर्ने दलित समुदायहरू हुनेछन्।

**५. व्यावसायिक तथा सशक्तिकरण तालिम सञ्चालन प्रक्रियाः**

क) दलित समुदायको लागि उपलब्ध गराइने तालिमहरु अनुसूची-१ मा तोकिएबमोजिम हुनेछन् ।

ख) मन्त्रालय/प्रतिष्ठान/कार्यालयको आफ्नो कार्यचाप एवं जनशक्ति उपलब्धताको अवस्थालाई मध्यनजर गर्दै बाह्यस्थलमा सञ्चालन गर्नुपर्ने तालिम कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को अधीनमा रही तालिम प्रदायक संस्था वा प्रचलित कानुनबमोजिम दर्ता भएका दलित समुदायको संस्था/समूहहरूसँग सम्झौता गरी सञ्चालन गर्न सक्नेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा उपलब्ध भएसम्म दलित समुदायका संस्था/समूहलाई प्राथमिकता दिनुपर्नेछ ।

ग) संघसंस्थाहरूमार्फत् तालिम सञ्चालन गर्नुपरेमा नियमानुसार प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।

घ) प्राविधिक तथा आर्थिक प्रस्ताव सम्बन्धी व्यवस्था तथा तालिम सञ्चालन सम्बन्धी अन्य प्रक्रियाहरु मन्त्रालयद्धारा स्वीकृत "छोटो तथा लामो अवधिको व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन सम्बन्धी मापदणड, २०८०", गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७९ एवं सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

## परिच्छेद-३

## यान्त्रिकीकरण अनुदान उपलब्ध गराउने प्रक्रिया

**६. यान्त्रिकीकरण अनुदान उपलब्ध गराउने व्यवस्था देहाय बमोजिम हुनेछः**

(क) दलित समुदायले अवलम्बन गर्दै आएको परम्परागत पेसाको व्यावसायिकरणमा सहयोग पुऱ्याउन तथा आयमूलक र स्वरोजगारमूलक पेसा/व्यवसायहरू सञ्चालन गर्न मन्त्रालय/प्रतिष्ठान/कार्यालयले उक्त पेसाहरूसँग सम्बन्धित नयाँ प्रविधिका औजार, उपकरण, शिल्प यन्त्र तथा मौलिक बाजाहरू खरिदका लागि अनुदान उपलब्ध गराउनेछ । अथवा त्यस्ता सामग्रीहरू खरीद गरी अनुदानग्राहीलाई निःशुल्क उपलब्ध गराउनेछ।

(ख) अनुदान प्रदान गर्नका लागि मन्त्रालय/प्रतिष्ठान/कार्यालयले सूचना प्रकाशन गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्नेछ।

(ग) प्रस्ताव पेश गर्दा निम्नानुसारको कागजातहरू संलग्न हुनुपर्नेछः

अ) **परम्परागत निर्वाहमुखी पेसा गर्दै आएका दलित व्यक्तिहरूको हकमा**

- नागरिकताको प्रतिलिपी
- सम्बन्धित वडाको सिफारिस पत्र
- अनुसूचीमा तोकिए बमोजिमको स्वघोषणा
- अनुसूचीमा तोकिए बमोजिमको प्रस्ताव

आ) **दर्ता भएको फर्म/संस्था/समूहको हकमा**

- संस्था/समूह दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपी
- नवीकरण गर्नुपर्ने भएमा नवीकरणको प्रतिलिपी
- कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित वडाको सिफारिस पत्र
- अनुसूचीमा तोकिएबमोजिमको स्वघोषणा
- अनुसूचीमा तोकिएबमोजिमको प्रस्ताव
- मन्त्रालय/कार्यालयले तोकेका अन्य कागजात

(घ) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी योग्य अनुदानग्राहीको छनौट गरिनेछ । मूल्याङ्कनको आधार र मूल्याङ्कन समिति अनुसूची-३ मा तोकिएबमोजिम हुनेछ। सम्झौतामा उल्लिखित कार्यहरू सम्पन्न भएपछि प्राप्त कागजातको आधारमा अनुदानको भुक्तानी हुनेछ ।

(ङ) **यान्त्रिकीकरण अनुदानको सीमा निम्नानुसार हुनेछः**

अ) परम्परागत पेसा सञ्चालन गर्दै आएका व्यक्तिको हकमा बढीमा साठी हजार रुपैयाँ (सो मध्ये बढीमा चालिस हजार रुपैयाँ यन्त्र उपकरणमा अनुदान र बढिमा बिस हजार रुपैयाँ भौतिक संरचना निर्माणका लागि अनुदान)

आ) संस्था/समूहको हकमा बढीमा एक लाख पच्चीस हजार रुपैयाँ

(च) अनुदानग्राहीले कुल अनुदानको न्यूनतम पाँच प्रतिशत रकम लगानी साझेदारी गर्नुपर्नेछ।

७. **<u>बजेट बाँडफाँटः</u>** यस कार्यक्रमका लागि विनियोजित बजेट तपसिल बमोजिमको कृयाकलापका लागि खर्च गरिनेछ।

क) तालिम कार्यक्रमहरू सञ्चालन

ख) औजार, उपकरण तथा शिल्प यन्त्रहरू खरिद

ग) मन्त्रालयबाट हुने व्यवस्थापकीय खर्च तथा अनुगमन

८. **<u>अपेक्षित प्रतिफलः</u>**

क) दलित समुदायका परम्परागत पेसा व्यवसायको संरक्षण, प्रवर्द्धन र आधुनिकिकरणमा टेवा पुगेको हुनेछ,

ख) विपन्न तथा रोजगार विहिन दलित समुदायका व्यक्तिहरू स्व/रोजगारीमा आवद्ध भई आयआर्जन गरेका हुनेछन्।

९. **<u>कार्यक्रमको अनुगमनः</u>** कार्यक्रमको अनुगमन आवश्यकता अनुसार मन्त्रालय तथा कार्यालयबाट हुनेछ।

१०. **<u>बाधाअड्काउ फुकाउने अधिकारः</u>** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधाअड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची -१

**(दफा ५ को उपदफा (क) सँग सम्बन्धित)**

**<u>सञ्चालन गरिने तालिमहरुको सूची :</u>**

- फलामका कृषि तथा घरेलु औजार बनाउने
- तामा/पित्तल/काँस जस्ता धातुका भाँडाहरू बनाउने
- सुनचाँदीका गरगहना बनाउने
- मौलिक र परम्परागत वाजाहरु बनाउने तथा मर्मत गर्ने
- पञ्चेबाजा, नौमती बाजा, मादल, सारङ्गी जस्ता परम्परागत बाजाहरु बजाउने
- छालाको जुत्ता, ज्याकेट, चप्पल, पेटि जस्ता सामाग्रीहरु बनाउने
- सिलाईकटाई
- टेलर मास्टर
- फेसन डिजाईन
- बुटिक डिजाईन
- हाते कडाइ
- सिकर्मी/डकर्मी
- कपाल काट्ने बार्बर)
- हेयर स्टाइल
- वेल्डिङ
- प्लम्बर
- लेथ मेशिन अपरेटर
- स्टिल तथा यु.पि.भि.सी. फ्रेविक्रेटर
- सिलाई मेशिन मर्मत
- साईकल/मोटरसाईकल मर्मत
- अटो-मेकानिक
- हाते ट्याक्टर मर्मत
- मोबाइल फोन मर्मत
- टि.भी. मर्मत
- फ्रिज तथा वासिङ मेशिन मर्मत
- सिलाई मेशिन मर्मत
- चुलो तथा कुकर मर्मत
- मोटर पङ्खा लगायतका विद्युतिय सामग्री मर्मत
- ड्राईभिङ (लाईट/हेभी)
- वेथ/बासका हस्तकला सामाग्री
- जडिबुटी प्रशोधन सम्बन्धी तालिम
- मागका आधारमा अन्य परम्परागत सिपमा आधारित तालिमहरु

# अनुसूची २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. व्यक्ति/समूहको नामः

२. ठेगाना :........................................................................ सम्पर्क नं : ...........................

३. हाल गरिरहेको पेसा/व्यवसायको नामः

४. पेसा सञ्चालन गरेको अवधिः

५. पेसाबाट लाभान्वित संख्याः प्रत्यक्षः .................. अप्रत्यक्षः ...................

६. गरिरहेको पेसा/ व्यावसायको उत्पादन विवरण

| क्र.सं. | उत्पादन गरिरहेको सामग्रीको नाम | वार्षिक उत्पादन परिमाण | वार्षिक बिक्री परिमाण | वार्षिक कारोबार रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. अनुदानमा खरिद गर्न चाहेको यन्त्र/औजार/उपकरण

| क्र.सं. | यन्त्र/औजार/ उपकरणको नाम | प्रकार/ स्पेशिफिकेशन | अनुमानित खरिद मूल्य (रु.) | अनुदान लिनेले बेहोर्ने रकम (रु.) | कार्यालयले बेहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

८. अनुदानबाट हुने अपेक्षित लाभः..................................................................

९. अनुदानबाट प्राप्त औजार/उपकरणको प्रयोग के काममा प्रयोग गर्नुहुन्छ?

..........................................................................................................................................................................

१०. प्राप्त औजार/उपकरणको मर्मत सम्भार कसरी गर्नुहुन्छ?

..........................................................................................................................................................................

११. यसभन्दा अगाडि पनि अनुदान पाएको भए अनुदान पाएको आ.व. र यन्त्र उपकरणको विवरण उल्लेख गर्नुहोस्

..........................................................................................................................................................................

११. भविष्यको योजना के छ ?..........................................................................................................

१२ : केही भए उल्लेख गर्नुहोस् अन्य ..........................................................................................................

प्रस्तावकको नाम :.......................................

ठेगानाः .......................................

मिति :.....................

:दस्तखत .....................

# अनुसूची ३

(दफा ६ (घ) सँग सम्बन्धित)

<u>(क) यान्त्रिकीकरणका अनुदान लागि प्रस्ताव छनौटको आधारहरु र अंक विभाजन</u>

| क.सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| १ | **अनुदान पाए/नपाएको** | १० |
| | १.१ हालसम्म कुनै पनि अनुदान प्राप्त नगरेको भनी स्वघोषणा गरेको - १० | |
| | १.२ पहिला प्राप्त गरेको तर पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको - ५ | |
| | १.३ पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको-० | |
| २ | अनुदान रकम साझेदारीको प्रतिबद्धता | १० |
| ३ | कार्य अनुभव (१० वर्षभन्दा बढी भएमा-१० अङ्क, ५ देखि १० वर्ष भएमा- ५ अङ्क, ५ भन्दा कम भएमा - २.५ अङ्क) | १० |
| ४ | समग्र प्रस्ताव मूल्याङ्कन | १० |
| ५ | स्थलगत अनुगमन | १० |
| | **जम्मा:** | **५०** |

**१) प्रस्ताव मूल्याङ्कन समिति (मन्त्रालयको हकमा)**

| | |
|---|---|
| • प्रशासन तथा योजना महाशाखा प्रमुख- | संयोजक |
| • अर्थ मन्त्रालयको अधिकृत प्रतिनिधि- | सदस्य |
| • आर्थिक प्रशासन शाखा प्रमुख- | सदस्य |
| • कानुन अधिकृत- | सदस्य |
| • श्रम तथा रोजगार शाखा प्रमुख- | सदस्य सचिव |
| *आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।* | |

**२) प्रस्ताव मूल्याङ्कन समिति (कार्यालय/केन्द्र/प्रतिष्ठानको हकमा)**

| | |
|---|---|
| • कार्यालय/केन्द्र/प्रतिष्ठान प्रमुख- | संयोजक |
| • आर्थिक प्रशासन शाखा प्रमुख- | सदस्य |
| • मन्त्रालयको अधिकृत प्रतिनिधि- | सदस्य |
| • प्रशासन/योजना शाखा प्रमुख- | सदस्य सचिव |
| *आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।* | |

# विविध

## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्री.........................

### विषय -: अनुदान उपलब्ध गराई दिनुहुन ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालय/कार्यालय/प्रतिष्ठानबाट मिति ........................... मा प्रकाशित सूचनाबमोजिम यस निवेदनमा हस्ताक्षर भएका मैले/हामीले ....................प्रदेश ...............................................न.पा./गा.पा. वडा नं.......... ...............................मा सञ्चालन गरेको .................................................................... पेसा/व्यवसायको लागि अत्यन्त आवश्यकता रहेको ................................................................................. नामको औजार/उपकरण खरिदका लागि अनुदान सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु/गर्दछौं। साथै सूचनामा तोकिएको आवश्यक कागजात यसैसाथ पेश गरेको छु/छौ ।

पेश गरेका कागजातहरू

१. ..................................................
२. ..................................................
३. ...................................................
४. ...................................................
५. .....................................................

**निवेदक**

नामः
फर्मको नाम :
हस्ताक्षर :
मिति :
ठेगाना :
सम्पर्क नम्बर:
संस्थाको छाप :

# प्रतिबद्धता -पत्र

श्री ..........................................................................को मिति ..................... मा प्रकाशित सूचना अनुसार............................................... .................................. अनुदान कार्यक्रममा सहभागिताको लागि इच्छुक भई तोकिएको ढाँचामा प्रस्ताव पेश गरेको/गरेका छु/छौ ।उक्त कार्यक्रममा छनौट भएमा सम्झौता बमोजिमको कार्य गर्नेछु/गर्नेछौ। सम्झौता अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्य बन्द गरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/गर्दछौ ।सञ्चालित क्रियाकलापवाट वातावरणलाई नकरात्मक असर नपुऱ्याउने बेहोरा तथा प्रतिबद्धता समेत ब्यक्त गर्दछु/गर्दछौ । यसमा लेखिए बमोजिम नगरे प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला ।

**अनुदानग्राहीको तर्फवाट**

नाम :

पद:

संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं :

दस्तखत :

मिति : दायाँ वायाँ

छाप

# स्वघोषणा पत्रको नमूना

लिखितम म/हामी गण्डकी प्रदेश............... जिल्ला .............न.पा/गा.पा........................वडा नं.... मा मिति .......................... मा दर्ता गरि सञ्चालन भैरहेको ............................................... पेसा/व्यवसाय/फर्मको म संचालक यो स्वघोषणा गर्दछु की मैले तथा मेरो एकाघरको परिवारको नाममा रहेको पेसा/व्यवसाय/फर्मको सञ्चालन, विस्तार तथा अन्य सम्बन्धित कुनै प्रयोजनको लागि यसै कार्यालय तथा अन्य कुनै कार्यालयवाट अघिल्ला दुई आर्थिक वर्षमा तपसिल अनुसारको अनुदान रकम प्राप्त गरेको छु/छैन। उल्लिखित बेहोरा झुटा ठहरेमा म/हामी प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला भनी विनाकरकाप राजी खुसीले यो स्वघोषणा लेखी सहि छाप गरी ............................................................................ मा पेश गरेको छु/छौं ।

ईति सम्बत ................ साल......... महिना....... गते रोज ...शुभम ।

**तपसिल**

हाल सम्म प्राप्त गरेको अनुदानको विवरण

| क्र.सं | अनुदानको विवरण | अनुदान प्राप्त गरेको कार्यालय | आ.व................मा प्राप्त गरेको रकम | आ.व................ प्राप्त गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नाम :

फर्मको नाम :

हस्ताक्षर :

मिति दाया वाया

छाप

# सम्झौता पत्रको नमूना

श्री ........................................................................... (यसपछि पहिलो पक्ष भनिने) र ................. ........................................................... (यसपछि दोस्रो पक्ष भनिने) बिच पेसा/व्यावसायको यान्त्रिकीकरण अनुदान कार्यक्रमका लागि तपसिल बमोजिमका सर्तहरुका अधीनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं।

<u>तपसिल</u>

१. सम्झौता भएको मिति देखि यो सम्झौता लागु भएको मानिनेछ ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सल्लाह एवं सुझाव लिई मिति .............................. सम्ममा कार्य सम्पन्न गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले कार्य सम्पन्न गरी आवश्यक बिल भरपाई सहित भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ । दोस्रो पक्षबाट भुक्तानीका लागि निवेदन प्राप्त भएपछि पहिलो पक्षले अनुगमन गरी कार्य सम्पन्न भए नभएको यकिन गरेपछि अनुदान रकम भुक्तानीको व्यवस्था मिलाउनेछ । पहिलो पक्षले वढीमा ९५ प्रतिशत अनुदान रकम दोस्रो पक्षले पेश गरेको भ्याट बिलको आधारमा आपूर्तिकर्ताको खातामा जम्मा गर्नेछ । खरिद कार्य गर्दा अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही गर्नुपर्नेछ ।

४. पहिलो पक्षले प्रस्ताव बमोजिमको नियमित व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ ।

५. यस सम्झौतामा उल्लिखित कार्य गर्दा कुनै प्राकृतिक प्रकोप र भवितव्यबाट हुन सक्ने क्षति प्रति पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा हेरफेर गर्नुपरेमा दुवै पक्षको समझदारीमा र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**पहिलो पक्षको तर्फबाट**

नाम थरः

पदः

दस्तखतः

मितिः

**दोस्रो पक्षको तर्फबाट**

नाम थरः

फार्मः

दस्तखतः

मितिः

रोहवर

नाम थरः

पदः

दस्तखतः

मितिः

# भुक्तानीका लागि पेश गर्ने निवेदनको नमूना

श्रीमान ....................................

मितिः.....................

**विषय : रकम  भुक्तानी गरिदिने वारे ।**

महोदय,

प्रस्तुत विषयमा यस मन्त्रालय/कार्यालयको आ.व. ..................... को यान्त्रिकीकरण अनुदान कार्यक्रममा मेरो/हाम्रो ....................................................................................................................................... नामक पेसा/व्यवसाय/फर्म ........................................................................................................................ नामक औजार/उपकरण/यन्त्र खरिद अनुदान प्राप्त गर्न छनौट भई उक्त कार्यक्रम कार्यान्वयनका लागि मिति ...................................... गते म र कार्यालयबीच सम्झौता समेत भई मलाई आवश्यक परेको ..................................................................... औजार/उपकर/यन्त्र ...............................वटा/थान/सेट ........................................................................................................... नामक पसलबाट बिल नं. .................. मिति ................................................ मा रु. ..................................................... (अक्षरेपि .........................................................................................................) मा खरिद गरी ल्याएकोमा सम्झौताअनुसार खरिद रकमको पाँच प्रतिशतले हुने रकम रु. ..................................................... (अक्षरेपि ..........................................................................................................................) मैले .................................................................................................... लाई भुक्तानी गरिसकेकोले बाँकी रकम रु. ........................................................... (अक्षरेपि ............................................................. ..................................................) नियमानुसार उक्त बिक्रेतालाई भुक्तानी गरिदिनु हुन उल्लिखित सामानको भ्याट विल थान ............ र भुक्तानीको प्रमाण थान .................. सहित यो निवेदन पेश गरेको छु ।जो आज्ञा ।

निवेदक

.........................

# यान्त्रिकरणमा अनुदान सहयोग सम्बन्धी कार्यक्रमको प्राप्त प्रस्ताव मूल्याङ्कनको लागि स्थलगत अनुगमन प्रतिवेदन फारामको नमूना

फार्मको नाम :　　　　　　　　　　फार्म संचालकको नामः

फार्मको ठेगाना :　　　　　　　　　　सञ्चालनमा रहेको पेसा/ब्यवसाय :

दर्ता नं :

अनुदान माग गरेको यान्त्रिकरणको नाम :

फार्मको हालको सञ्चालन अवस्थाः

फार्म सञ्चालन भएको वर्ष/अनुभव :

अनुदान प्राप्ती सम्बन्धी विवरण :

फार्ममा हाल रहेको जिन्सी/यन्त्र/उपकरणको विवरण :

फार्म स्थापना/सञ्चालन स्थलको प्राविधिक उपयुक्तता

पुर्वाधार तथा बजारको उपलब्धताः

प्राप्त हुने अनुदानको उपयोग सम्बन्धी अनुदानग्राहीको योजना :

ब्यावसायको दिगोपना :

अन्य :

अनुगमन गर्दा उपस्थित संचालक वा परिवारको सदस्यको
नाम :
दस्तखतः
मिति :

अनुगमन गर्ने क्रममा अन्य उपस्थित ब्यक्तिहरु

**<u>अनुगमनकर्ताहरु</u>**

नाम :　　　　　　　　पदः　　　　　　　　दस्तखतः